# प्रेस विज्ञप्ति- २८४

# Press Release-284

लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौं।
मिति: २०७७।०६।११ गते।

## लागू औषध अफिम सहित
## ३ जना मानिस पक्राउ।

विशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण व्यूरो, कोटेश्वर, काठमाण्डौ र लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय पोखराबाट खटिएको प्रहरी टोलीले मिति २०७७।०६।१० गते ११:०० बजेको समयमा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. ६, स्कूलमार्ग स्थितबाट जिल्ला पुर्वी रुकुम पुथा उत्तरगंगा गाउँपालिका वडा नं. १ बस्ने वर्ष ५० को गज पुन, ऐ.ऐ. बस्ने वर्ष ४० को चक्कर बहादुर पुन र जिल्ला गोरखा बारपाक सुलिकोट गाउँपालिका वडा नं. ६ बस्ने वर्ष २४ को रबि गुरुङ समेत ३ जनालाई **अवैध लागू औषध अफिम १० के.जि. ५०० ग्राम र लागू औषध तौल गर्ने डिजिटल तराजु** सहित पक्राउ गरी आवश्यक कारवाहीको लागी जिल्ला प्रहरी कार्यालय कास्कीमा बुझाईएको छ।

निजहरु उपर जिल्ला प्रहरी कार्यालय कास्कीबाट लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध।

**नोट:-** पक्राउ परेका गज पुन लामो समय देखि पुर्वी तथा पश्चिम रुकुम जिल्लाहरुमा अवैध लागू औषध अफिमको कारोवारमा सक्रिय रहेका मुख्य व्यक्ति रहेको अनुसन्धानको क्रममा खुल्न आएको छ।

प्रहरी उपरीक्षक
(कृष्ण कुमार महत)
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं. ९८५११३२७४३


ASLOR



